आज मिति २०८३।०२।०८ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं. २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८३।०२।०८ गते, बैठक संख्या:१५ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

**प्रस्ताव नं. १५.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**प्रस्ताव नं. १५.२ विभाज्य कोष रकम बाँडफाड सम्बन्धमा,**

**प्रस्ताव नं. १५.३ कामकाजमा शिक्षक व्यवस्थापन सम्बन्धमा,**

**प्रस्ताव नं. १५.४ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा,**

**प्रस्ताव नं. १५.५ महालेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा,**

**प्रस्ताव नं. १५.६ पत्रकार महासंघको राहतकोष रकम सम्बन्धमा,**

**प्रस्ताव नं. १५.७ १९औं नगरसभा सम्बन्धमा,**

**प्रस्ताव नं. १५.८ वैशाख महिनाको आय व्यय सम्बन्धमा,**

**प्रस्ताव नं. १५.९ योजनाको सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई कारवाही सम्बन्धमा,**

**प्रस्ताव नं. १५.१० विविध।**

**मिति: २०८३।०२।०८ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १५ का निर्णयहरु**

**प्रस्ताव नं. १५.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १५.१** अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु अन्तर्गत आगामी आर्थिक वर्षको नीति योजना तथा कार्यक्रमको लागि समिति गठन गरि कार्यान्वयनमा रहेको, सेवा निवृत्त महिला स्वयं सेविकाहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय कार्यान्वयन भएको, ५ वटा विद्यालयलाई कक्षा थप तथा २ विद्यालयलाई विषय थप अनुमति दिईएको, स्थानीय पाठ्यक्रम स्वीकृत गरिएको, स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत भई कार्यान्वयनमा रहेको, नदीजन्यपदार्थको अनुगमन प्रतिवेदन माथि छलफल तथा अन्तर्क्रिया गरी कार्यान्वयनमा ल्याउने लगायतका विषयहरुलाई समिक्षाको रुपमा अभिलेख राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५.२ विभाज्य कोष रकम बाँडफाड सम्बन्धमा,**

**निर्णय नं. १५.२** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क उपदफा ३ "नदीजन्य पदार्थ बिक्री बापत प्राप्त रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने" प्रावधान र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ बमोजिम संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित पालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था छ। बाणगंगा खोलाको नदिजन्य पदार्थ बिक्रीको लागि बाणगंगा नगरपालिकाको बाणगंगा नदी अन्तर्गत मधुवन बगर क्षेत्र, धनेसपुर सिसेनी कजवे क्षेत्र र बनकसिया १ र २ बगर क्षेत्रको लागि ठेक्का मार्फत उत्खनन तथा बिक्री बन्दोबस्त गरिएको। आ.व. २०८२/८३ मा बाणगंगा नगरपालिका विभाज्य कोष खाता नं. ०४१५६०१६१७१८८१९७ मा जम्मा भएको तपशिलको खोलाको ठेक्काबापत व्यवसायीबाट संकलित राजस्व रकम रु.८४५२०५१६।– (अक्षेरपी आठ करोड पैचालिस लाख बिस हजार पाँच सय सोह्र रुपैयाँ मात्र) मध्ये ६०% बाणगंगा नगरपालिकाको स्थानीय तह सञ्चित कोष खाता नं. ०४१५६०१६१७१८८१८९ मा रु.५०७१२३०९.६।- (अक्षेरपी पाँच करोड सात लाख बाह्र हजार तिन सय चौ रुपैयाँ छ पैसा मात्र) ट्रान्सफर गर्ने तथा लुम्बिनी प्रदेश सरकारलाई संकलित रकमको ४०% हुन आउने रकम रु.३३८०८२०६.४– (तिंन करोड अठ्तिस लाख आठ हजार दुई सय छ रुपैयाँ चार पैसा) उपलब्ध गराउनु पर्ने देखिन्छ। त्यसैगरी बिज्ञापन कर बापत चालु आ.ब.मा संकलित रकम रु.७२५०००।– मध्ये नगरको संचित कोषमा ६०% हुने रकम रु.४३५०००।– र प्रदेश सरकारलाई बाँकि ४०% रकम रु.२९०००० तथा मनोरञ्जन करबापत जम्मा संकलित रकम रु.४०००००।– मध्येबाट नगरमा ६०% रकम रु.२४०००।– र प्रदेश सरकारलाई बाँकि रहने ४०% रकम रु.१६०००।– बाँडफाँड गर्नुपर्नेछ। यसरी बाणगङ्गा नगरमा आ.ब. २०८२।८३ को हालसम्म नदीजन्य पदार्थ बिक्री, बिज्ञापन कर र मनरोन्जन करबापतको जम्मा रु.८५२८५५१६।– भएकोमा पालिकाको संचित कोषमा रु.५११७१३०९.६ र लुम्बिनी प्रदेश सरकारलाई रु.३४११४२०६.४ बाँडफाँड गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५.३ कामकाजमा शिक्षक व्यवस्थापन सम्बन्धमा,**

**निर्णय नं. १५.३** प्रारम्भिक बालविकासदेखी कक्षा ३ सम्म सञ्चालित बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं १० मा सञ्चालित श्री शारदा आधारभूत विद्यालय, मझौवामा शैक्षिक वर्ष २०८२ मा प्रारम्भिक बालविकास तहमा ६ जना मात्र विद्यार्थी संख्या रहेको र शैक्षिक वर्ष २०८३ मा आधारभूत तह कक्षा १-३ मा विद्यार्थी संख्या ० (शुन्य) रहेकोले उक्त विद्यालयमा कार्यरत प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक संतोष घिमिरे (कर्मचारी संकेत नं २०५०५८ ) लाई उक्त

CamScanner

विद्यालयको प्राथमिक तहको स्वीकृत दरबन्दी पालिकाको पुलमा कायम गरी हाललाई अर्को व्यवस्था नभएसम्मको लागि बाणगङ्गा नगरपालिका वडा नं ११ मा सञ्चालित श्री आदर्श आधारभूत विद्यालय, भड्डिहवामा कामकाजका लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १५.४** यस पालिकाले हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमको सेवालाई एकीकृत गरी संस्थागत रुपमा सञ्चालन तथा व्यवस्थापनको लागि रोजगार सेवा केन्द्र मातहत सञ्चालन गर्ने साथै हाल सञ्चालित मनोसामाजिक परामर्श सेवा (मनोसामाजिक परामर्शकर्ता सहित) लाई स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने र उक्त सेवा प्रवाहका लागि खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन् सम्बन्धित शाखा प्रमुखलाई पेश गर्ने साथै कार्य सम्पादन तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र यस पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा १ पटक हुने व्यवस्था गर्ने साथै वैदेशिक रोजगारमा जानु पर्ने वाध्यत्मक अवस्थालाई न्यूनीकरण गर्ने तर्फ यस पालिको उच्च प्राथमिकता रहदै आएको भएपनि स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर उपलब्ध नभईरहेको सन्दर्भमा वैदेशिक रोजगारी एउटा विकल्पको रुपमा देखिएको सन्दर्भमा वैदेशिक रोजगारी सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्दा क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारबाट प्राप्त लाभको वृद्धि गरी सामाजिक लागत न्यूनीकरण तर्फ जोड दिनु पर्ने अवस्थालाई मध्यनजर गर्दै हाल संघ, प्रदेश र यस पालिकाको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्यूनतम् सेवाहरुलाई संस्थागत रुपमा सञ्चालन गर्न आवश्यक श्रोत व्यवस्थापन गरी सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.५ महालेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा,**

**निर्णय नं. १५.५** गत आ.व.२०८१।०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश भई छलफल भयो विगत वर्षहरुका नियमित गर्नुपर्ने वेरुजुहरुको फछ्यौंटको लागि महालेखा परिक्षकको कार्यालयलाई धन्यवाद दिने र हाल प्रतिवेदनमा उल्लेखित वेरुजुहरुलाई फछ्यौंट गर्न सम्बन्धि सवै शाखाहरु र सम्बन्धित वडाहरु तदारुकताका साथ लाग्ने र असुल गर्नपर्ने वेरुजुहरुलाई असुलउपर तर्फ लाग्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.६ पत्रकार महासंघको राहतकोष रकम सम्बन्धमा**

**निर्णय नं. १५.६** बाणगङ्गा नगरपालिकाको १७औं नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको सि.नं. ४७३ रहेको पत्रकार महासंघको राहत कोष व्यवस्थापन शिर्षकमा रहेको रु.२ लाख रकम नेपाल पत्रकार महासंघ, कपिलवस्तुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.७ १९औं नगरसभा सम्बन्धमा,**

**निर्णय नं. १५.७** बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको पहिलो बैठक मितिः २०८३।०२।२७ गते विहान ८ बजे नगरपालिका सभाहलमा सञ्चालन गर्ने र आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने निर्णय गरियो ।

CamScanner

**प्रस्ताव नं. १५.८ वैशाख महिनाको आय व्यय सम्बन्धमा,**

**निर्णय नं. १५.८** बाणगङ्गा नगरपालिकाको चालु आ.व. २०८२।०८३ को वैशाख महिना सम्मको आय व्यय निम्नानुसार भएकोले सोही अनुसार सार्वजनिक गरी तालुक निकायमा पठाउने निर्णय गरियो।

| सि.नं. | स्रोत | रकम | प्रतिशत | क्षेत्र | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकारबाट | ४९९३८३३०६ | ६९.६२ | चालु खर्च | ४५४२००८३३ | ५८.९५ |
| २ | प्रदेश सरकारबाट | २४५३२१७० | ५३.४१ | पूजीगत | १३४८८४७२३ | २५.७ |
| ३ | राजस्व बाँडफाँड | १५४३८३३३४ | ५९.२४ | | | |
| ४ | आन्तरीक स्रोत | २२०००९७८७ | ९५.०२ | | | |
| ५ | जनसहभागिता | २९११४२७४ | ७२.७९ | | | |
| | कूल आम्दानी | ९२७४२२८७१ | ७१.५९ | कूल खर्च प्रतिशत | ५८९०८५५५६ | ४५.४७ |

**प्रस्ताव नं. १५.९ योजनाको सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई कारवाही सम्बन्धमा,**

**निर्णय नं. १५.९** बाणगंगा नगरपालिकाको कार्यालय र दिर्घायु कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रो. गौरव रिजाल) कागेश्वरी मनोहरा - ५, काडमाण्डौं वीच आ. व . २०८१/०८२, मिति २०८१/१२/०८ मा २०८२/०३/१० मा काम सम्पन्न गर्ने गरी ठे. न. 52/NCB /BMO/KAPIL/WORK/81-82, अन्तर्गत Constrution of Two Storey Four Room RCC Building at Kamata School, Ward no. 10, Shanti Ni.Ma.Vi. Ward no. 4 and Bal Ma Vi, Ward no. 1 को निर्माण कार्य रु. १ करोड ३० लाख ६२ हजार ५ सय २ मात्र ( भ्याट बाहेक) मा गर्ने गरी ठेक्काको सम्झौता भएको र तोकिएको समयमा काम सम्पन्न हुन नसकेकोले कार्यपालिकाको निर्णयानुसार २०८२ कार्तिक मसान्तसम्म म्याद थप गरि म्याद थप भएको अवधि भन्दा एक महिना बढी अवधिको वैक जमानतको म्याद थप र म्याद थप भएको अवधिभित्र कार्य सम्पन्न गर्नका लागि मिति २०८२/०४/११ मा पत्राचार गरिएकोमा उक्त निर्माण व्यवसायीले कुनै पनि कार्यको शुरुवात नगरेको हुदा पुनः मिति २०८२/०५/१६ र २०८२/०६/०८ मा निर्माण कार्य सम्पन्न गर्नका लागि ध्यानाकर्षण/ ताकेता गराउदै ठेक्का तोडि कालो सूचिमा राखिने व्यहोरा समेतको जानकारी गराउदा समेत फिल्डमा कुनैपनि कार्य प्रगति नदेखिएको हुदा मिति २०८२/११/२७ र २०८२/१२/१६ मा छलफलका लागि ३ दिनभित्र उपस्थितिका लागि पत्राचार गरिएकोमा मिति २०८२/१२/१९ मा बाल मा.वि. मा ३ दिनभित्र ढलान हुने, शान्ति नि.मा.वि.मा छड खसिसकेको र ईट्टाको वाल समेत ढलान हुंदा साथ शुरु हुने र कम्पनी आप्नो दायित्व पुरा गर्न पछि नहट्ने भनि पत्र दर्ता गरे पश्चात बाल मा.वि.मा ढलानको काम सम्पन्न भएको, शान्ति नि.मा.वि.मा छडमात्र खसालेको र अन्य कामको प्रगति नदेखिएको र हालसम्म वैंक जमानतको म्याद समेत थप नगरेको र मिति २०८३/०१/३० को गोरखापत्र दैनिकमा ठेक्का सम्झौता अन्त्य एंव कारवाही सम्बन्धी ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कार्यालयमा उपस्थित नभएको अवस्था देखिन्छ। सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९ मा खरीद सम्झौताको अन्त्य र सोको उपचार, दफा ६२ मा बोलपत्रदाताले पालना गर्नु पर्ने आचरण र दफा ६३ मा कालोसूचीमा राख्न सकिने व्यवस्था गरेको छ। त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४१ (१) मा ऐनको दफा ६३ बमोजिम कुनै निर्माण व्यवसायीलाई कालो सूचिमा राख्नु परेमा त्यस सम्वन्धि विस्तृत विवरण र कारण खुलाई सार्वजनिक खरीद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था गरेको छ। सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९ को उपदफा २ (क) बमोजिम निर्माण व्यवसायीले खरीद सम्झौता बमोजिम कार्य सम्पादन नगरेको, दफा ६२ को उप दफा १ बमोजिम खरीद कानुन तथा खरीद सम्झौता अनुरुपको दायित्व पालना

नगरेको, ऐनको दफा ५९ को उप दफा ७ बमोजिम काम शुरु गरि विचैमा छाडेको तथा सम्झौता बमोजिमको कार्यप्रगति नभएकोले सार्वजनिक खरीद ऐनको दफा ५९ को उपदफा (३) बमोजिम वित्तीय फरफारक अन्तर्गत स्वीकार्य रुपमा सम्पन्न भई सकेको कार्यको मूल्यांकन रु. ४७,४९,८८५।- रहेको र हालसम्म रु. ४३,२३,४३३।– भुक्तानी लगिसकेको, कार्य सम्पन्न भएको आधारमा रु. ४,२६,४५२।– भुक्तानी दिन बांकी देखिएको र निर्माण व्यवसायीले सम्झौता अनुरुप कार्य नगर्नाले सो काम गर्न वा गराउन व्यहोर्नु पर्ने दायित्व रु. ९९,९१,२४२।– हुने प्राविधिक प्रतिवेदनबाट देखिन आएको हुदा सोहि विषय उल्लेख गरी सम्झौता अन्त्य गर्न सकिने अवस्था विद्यमान छ। ऐनको दफा ५९ को उप दफा ७ बमोजिम उल्लेखित खरीद सम्झौता अन्त्य गरी ऐनको दफा ८ बमोजिम सो वापत राखिएको पुरै जमानत जफत हुने व्यवस्था भएकोले नीजले राखेको धरौटी रकम रु. ३०,६५,०००।– तिस लाख पैसठ्ठी हजार र भुक्तानी दिदा कट्टि भएको ५ प्रतिशत धरौटी रकम रु. १ लाख ९१ हजार ३ सय २ जफत गरि नीजसंग भएको सम्झौता अन्त्य गर्ने र सार्वजनिक खरीद ऐन २०६३ को दफा ५९ को उपदफा ८ मा उल्लेख भए बमोजिम सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बांकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्ग नगर्ने बोलपत्रदाताबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ भनि उल्लेख भएको हुदा प्राविधिकबाट पेश भएको स्थलगत प्रतिवेदन बमोजिम हालको दररेट बमोजिम बांकी काम सम्पन्न गर्न लाग्ने रकम रु. १,५८,२९,५९२।– मध्ये भुक्तानी दिन बांकी रकम रु. ४,२६,४५२।– कट्टा गरी हुन आउने रकम रु. १,५४,०३,१४०।- असुलीका पत्राचार गर्ने र तोकिएको समयावधिभित्र नीजले रकम जम्मा नगरेमा सरकारी बांकी सरह असुलीको प्रक्रिया अगाडि बढाउने र सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ बमोजिम खरीद सम्झौता अनुरुपको दायित्व सारभुत रुपमा पालना नगरेको उपरोक्त प्रमाणका आधारमा कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालय समक्ष सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।